बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल
☎ ०२३-५५५०४४

प.सं. ०८३/८४
च.नं

मिति: २०८३।०४।०६

सहकारी संस्थाहरुले विवरण बुझाउने सम्बन्धी जरुरी सूचना ।

श्री बुद्धशान्ति गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरु सबै,
बुद्धशान्ति गाउँपालिका, झापा ।

सहकारी ऐन, २०७४ को दफा ७५ बमोजिम सहकारी संस्थाहरुले प्रत्येक आर्थिक बर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तिन) महिना भित्र सहकारी ऐन, २०७४ को दफा ७६ बमोजिमको लेखापरीक्षकबाट लेखापरिक्षण गराई सोही ऐनको दफा ३९ बमोजिम आर्थिक वर्ष समाप्त भएको ६(छ) महिना भित्र साधारण सभा सम्पन्न गरी सक्नुपर्ने कानूनी व्यवस्था सर्वविदितै छ । सोही व्यवस्था बमोजिम उक्त अवधी भित्रमा लेखापरीक्षण गरी साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र लेखापरीक्षण प्रतिवेदन सक्कलै १ प्रति, साधारण सभा निर्णयको प्रमाणित प्रतिलिपि र सहकारी ऐन, २०७४ को दफ ७३ (१) बमोजिमका विवरणहरु अनिवार्य रुपमा बुद्धशान्ति गाउँपालिकाको सहकारी उपशाखामा बुझाउनुहुन अनुरोध छ ।

साथै लेखापरीक्षण गर्नु अघि सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ को दफा ३ बमोजिमको विवरण सहित अनुसूची १ बमोजिमको ढाँचामा लेखापरीक्षक नियुक्तिको जानकारी समेत पठाउनुहुन अनुरोध छ । यदि कुनै सहकारी संस्थाले तोकिएको समयसीमा भित्र लेखापरीक्षण र साधारण सभा सम्पन्न गरी माग भए बमोजिमका विवरण नबुझाएमा लेखापरीक्षण र साधारण सभा नगर्ने र विवरण नपठाउने संस्थाको नाम सर्वसाधारणको जानकारीका लागी सार्वजनिक गरी प्रचलित सहकारी कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

माथि उल्लेखित विवरणहरु COPOMIS प्रणालीमा समेत अनिवार्य प्रविष्टि गर्नुहुन सूचित गरिन्छ ।

२०८३।४।६
मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत



CamScanner